# राष्ट्रिय परीक्षा बोर्ड.

सानोठिमी, भक्तपुर

## शोधपत्र लेखन सम्बन्धी सूचना

प्रकाशित मिति : २०७८।१०।१५

राष्ट्रिय परीक्षा बोर्डबाट यस आ.व. २०७८/०७९ मा शोधपत्र लेखनका लागि निम्नानुसार सहयोग अनुदान (Support Grants) प्रदान गर्ने व्यवस्था गरिएको हुँदा माध्यमिक शिक्षाको परीक्षा/मूल्याङ्कनसँग सम्बन्धित विषयमा आधारित भई शोधपत्रहरू तयार गर्न विभिन्न विश्वविद्यालयमा तपसिल बमोजिमको तहमा अध्ययनरत इच्छुक विद्यार्थी/शोधार्थीहरूबाट सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र प्रस्ताव पेस गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीका लागि बोर्डको, अनुसन्धान, गुणस्तर तथा शासकीय सुधार महाशाखामा सम्पर्क गर्न वा website : www.neb.gov.np मा हेर्न सकिनेछ ।

| क्र.सं. | तह | अनुदान रकम (प्रति शोधपत्र) रु. |
|---|---|---|
| १ | स्नातकोत्तर तह | ५०,०००।- |
| २ | विद्यावारिधी तह | १,००,०००।- |

**राष्ट्रिय परीक्षा बोर्ड.**

सानोठिमी, भक्तपुर ।

फोन नं. : ०१६६३११९४

## शोधपत्र अनुदान सम्बन्धी मापदण्ड

- नेपाली नागरिक हुनुपर्ने
- स्नातकोत्तर तहको हकमा दोस्रो Semester उत्तीर्ण भएको ।
- एम.फिल तहको हकमा पहिलो Semester उत्तीर्ण भएको ।
- पि.एच.डी. तहको हकमा रजिष्ट्रेशन भैसकेको ।
- स्नातकोत्तर तहको लागि तीस बर्ष ननाघेको ।
- एम.फिल तहको लागि चालिस बर्ष ननाघेको ।
- पि.एच.डी. तहको लागि पचास बर्ष ननाघेको ।

### भुक्तानी प्रकृया

यो सहयोग अनुदान प्राप्त गर्न अन्य कुनै पनि निकायबाट सहयोग नलिएको हुनुपर्नेछ ।

- प्रस्ताव स्वीकृत भएमा २५%
- मस्यौदा प्रतिवेदन पेश भएपछि २५%
- अन्तिम प्रतिवेदन पेश भएपछि ५०%

### निवेदनको ढाँचा

- निवेदन
- सम्बन्धित विश्वविद्यालय/निकायबाट शोध प्रस्ताव स्वीकृत भएको हुनुपर्नेछ ।
- शोधार्थीले अन्य कुनै निकायबाट अनुदान नलिएको सिफारिस सम्बन्धित निकायबाट बोर्डलाई जानकारी गराउनुपर्नेछ ।
- शोधपत्र सम्बन्धी भइरहेको प्रगतिको जानकारी गराउनुपर्नेछ । (विद्यावारिधी तहको लागि मात्र।)

### आवश्यक कागजात

- शैक्षिक प्रमाणपत्रहरुका Digital Copy पेश गर्नुपर्नेछ । नेपाल बाहिरका शैक्षिक निकायहरुबाट उत्तीर्ण गरेका प्रमाणपत्रहरुको समकक्षता समेत पेश गर्नुपर्नेछ ।
- विद्यावारिधी तहका शोधार्थीले ६/६ महिनामा शोधपत्र सम्बन्धी भइरहेको प्रगतिको जानकारी गराउनुपर्नेछ ।

राष्ट्रिय परीक्षा बोर्डको मूल्याङ्कन समितिले यस सम्बन्धमा आवश्यक सम्पूर्ण निर्णय गर्नेछ ।